# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६५) काठमाडौं, भदौ ७ गते, २०७२ साल (संख्या १५

## भाग ३

### संवैधानिक परिषद्को सचिवालयको सूचना

### संवैधानिक परिषद् (कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७२

संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्वन्धी ऐन, २०६६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी संवैधानिक परिषद्ले देहायका नियमहरु बनाएको छ ।

१ <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "संवैधानिक परिषद् (कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ <u>संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८ को नियम ३ मा संशोधनः</u> संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ सट्टा देहायको नियम ३ राखिएको छः-

४६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३. <u>अभिलेख तयार गर्ने कार्यविधिः</u> (१) सचिवालयले ऐनको दफा ४ बमोजिम संवैधानिक निकायका पदाधिकारीहरुको पदमा संविधान बमोजिम नियुक्ति हुन योग्यता पुगेका व्यक्तिहरुको छुट्टा छुट्टै अभिलेख तयार गर्ने प्रयोजनका लागि इच्छुक र योग्य व्यक्तिहरुबाट देहाय बमोजिम विवरण पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछः-

(क) जन्म मिति, शैक्षिक योग्यता र कार्य अनुभव प्रमाणित गर्ने कागजातसहितको वैयक्तिक विवरण,

(ख) आफू नियुक्त हुन चाहेको संवैधानिक निकाय र पद,

(ग) आफू नियुक्त हुन चाहेको पदसँग सम्बन्धित कार्यअनुभव र सोसँग मिल्दो क्षेत्रमा आफूले पुऱ्याएको योगदानको सङ्क्षिप्त टिप्पणी (पाँच सय शब्दमा नबढाई),

(घ) नियुक्त हुन चाहेको संवैधानिक पदमा नियुक्त भएको अवस्थामा सम्बन्धित निकायमा आफुले पुऱ्याउन सक्ने योगदान, गर्नसक्ने सुधार र आवश्यक रणनीति (बढीमा पाँच सय शब्दमा) ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशन गर्दा संवैधानिक निकाय र रिक्त पदाधिकारिको पदसमेत खुलाउनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै व्यक्तिले एकभन्दा बढी पदको लागि विवरण पेश गर्न चाहेमा सोको प्राथिमकतासमेत खुलाउनुपर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सर्वोच्च अदालतको प्रधान न्यायाधीशको नियुक्ति सम्बन्धमा सार्वजनिक रुपमा सूचना प्रकाशन गरिने छैन ।

तर सो प्रयोजनको लागि सर्वोच्च अदालतको स्थायी न्यायाधीशको पदमा कम्तीमा तीन वर्ष सेवा पूरा गरेका सम्पूर्ण न्यायाधीशहरुको विवरण सर्वोच्च अदालतसँग माग गरी सचिवालयमा अद्यावधिक गरिनेछ ।"

३ <u>मूल नियमावलीको नियम ४ मा संशोधनः</u> मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-



४६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४. <u>अभिलेख अद्यावधिक गर्नुपर्ने:</u> (१) सचिवालयले पदाधिकारीको रिक्त पदमा परिषद्‌बाट सिफारिस हुनु अगावै आवश्यकतानुसार नियम ३ बमोजिमको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सचिवालयले अभिलेख अद्यावधिक गर्दा नियम ३ को उपनियम (२) बमोजिम पेश हुन आएका अभिलेखहरु संवैधानिक निकायको रिक्त पदको लागि आवश्यक योग्यता पुगेको छ, छैन जाँच गरी रीत नपुगेका र आवश्यक योग्यता तथा कार्य अनुभव प्रमाणित गर्ने कागजात संलग्न नगर्ने व्यक्तिहरुको नाम अभिलेखमा समावेश गर्ने छैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवालय आफैले उपयुक्त व्यक्तिको नाम अभिलेखमा समावेश तथा अद्यावधिक गर्न सक्नेछ ।"

४ **<u>मूल नियमावलीको नियम ५ मा संशोधन:</u>** मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ:-

"५ <u>अनलाईन फाराम भरी पठाउन सकिने:</u> (१) कुनै व्यक्तिले नियम ३ को उपनियम (२) बमोजिमको विवरण सचिवालयमा उपस्थित भई विधुतीय प्रतिसहित बुझाउन वा सचिवालयको वेभसाईटमा राखिएको अनलाईन फाराम भरी पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सचिवालयमा स्वयं उपस्थित भई विधुतीय प्रति बुझाउने व्यक्तिलाई त्यस्तो विवरण प्राप्त भएको भरपाई दिनु पर्नेछ । अनलाईन फाराम भरी पठाउने व्यक्तिलाई अनलाईन मार्फत विवरण दर्ता भएको जनाउ दिने व्यवस्था मिलाउनु पर्नेछ।"

**आज्ञाले,**

**लीलामणि पौड्याल**

**संवैधानिक परिषद्को सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।